# TRIBHUVAN UNIVERSITY
## FACULTY OF HUMANITIES & SOCIAL SCIENCES
### Office of the Dean
Kirtipur, Kathmandu


*Ref. No.:..................* मिति:२०७८/०४/११

## स्नातकोत्तर तह दोस्रो सेमेस्टरको सत्रान्त परीक्षा फाराम भर्ने सम्बन्धी जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित स्नातकोत्तर तहको शैक्षिक वर्ष २०२० का नियमित तथा सोभन्दा अघि (शैक्षिक वर्ष २०१५ सम्म) का आंशिक परीक्षार्थीहरूको दोस्रो सेमेस्टरको सत्रान्त परीक्षा आगामी भदौ तेस्रो हप्ताबाट सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०७८ साल साउन २९ गतेसम्ममा आ-आफ्नै क्याम्पस/विभागमा परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ । साथै, सम्बन्धित क्याम्पस/विभागहरूले फारामहरू रुजु गरी अंग्रेजीको वर्णानुक्रमानुसार मिलाई प्रति विद्यार्थी रु. १५००/- (एक हजार पाँच सय) का दरले यस सङ्कायको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखामा रहेको चल्ती खाता नं. ०४५००१०००९९०४५००००01 मा जम्मा गरी सक्कल भौचर र आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क सहित अनिवार्यरूपले २०७८ साल साउन मसान्तभित्र यस कार्यालयमा पठाउनुहुन समेत अनुरोध गरिन्छ ।

पुनश्च:

- परीक्षा आवेदन फाराम यस कार्यालयबाट प्राप्त गर्न सकिने छ । साथै, यस कार्यालयको Website: www.tufohss.edu.np बाट Download गरी प्राप्त गर्न सकिने छ ।
- निर्धारित समयावधिभित्र परीक्षा फाराम नभरेका विद्यार्थीहरूले सम्बन्धित विभाग तथा क्याम्पसमा मिति २०७८/०५/०४ गते सम्म विलम्ब शुल्क (रू. ३०००/) मा फाराम बुझाउन सक्नेछन् र विभाग तथा क्याम्पसले २०७८/०५/०८ गतेभित्र अनिवार्य रुपमा यस कार्यालयमा पठाउनुपर्नेछ । त्यसपछि प्राप्त भएका फारामहरू मान्य हुने छैनन् ।
- आन्तरिक परीक्षाको प्राप्ताङ्क विषयगत रुपमा सम्बन्धित विषय शिक्षकको हस्ताक्षर सहित छुट्टा छुट्टै खाममा सिलबन्दी गरी पठाउनु हुन अनुरोध गरिन्छ । आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क प्राप्त नभएका परीक्षार्थीहरूको परीक्षा फाराम बुझिने छैन ।
- परीक्षार्थीहरूले त्रि.वि. दर्ता नं. अनिवार्यरूपमा परीक्षा फारममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. दर्ता नं. नभएका परीक्षार्थीहरूको परीक्षाफल प्रकाशित नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**नोट:** त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत सेमेस्टर प्रणालीमा आधारित शैक्षिक वर्ष सन् २०१५ (वि.सं. २०७१/०७२) वा सोभन्दा पछि स्नातकोत्तर तहमा भर्ना भई चारवटै सेमेस्टरको सत्रान्त परीक्षामा सहभागी विद्यार्थीहरूको शोधपत्र (Thesis) समेतबाट CGPA 3.0 नपुगेका कारण Transcript तथा उपाधि पाउन नसकेका विद्यार्थीहरूलाई नियमित चक्रमा पहिलो, दोस्रो, तेस्रो र चौथो सेमेस्टर मध्येबाट कुनै २ वटा विषयसम्मको मात्र स्तरवृद्धि परीक्षा (Grade Improvement Exam) दिन पाउने व्यवस्था भए बमोजिम परीक्षार्थीले चाहेमा दोस्रो सेमेस्टरका विषयहरूको मात्र परीक्षा दिनका लागि फाराम भर्न सक्नेछन् । सम्बन्धित विभाग तथा क्याम्पसहरूलाई स्तरवृद्धि परीक्षा ( Grade Improvement Exam) का फारामहरू छुट्टै फाइलमा पठाउन समेत अनुरोध गरिन्छ ।

प्रा. तारप्रसाद भुसाल
सहायक डीन